# नवदुर्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# शिक्षा, युवा तथा खेलकुद शाखा

मणिलेक, डडेल्धुरा
सुदुरपश्चिम प्रदेश नेपाल

प.स.२०७७/०७८
च.न.४५८

मिति: २०७७/०८/११

विषयः विद्यालय सञ्चालन गर्ने गराउने सम्वन्धमा।

श्री सम्पुर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु,

नवदुर्गा गाउँपालिका डडेल्धुरा

प्रस्तुत विषय सम्वन्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहवाट जारी गरिएको जनस्वास्थ्य एवम सुरक्षा सम्वन्धी मापदण्ड तथा निर्देशनको परिधि भित्र रही विद्यालय सञ्चालन गर्ने सम्वन्धमा शिक्षा सरोकारवालाहरुको सुझाव तथा परामर्शका आधारमा विद्यालय संचालन कार्यढाँचा ,२०७७ अनुसार संक्रमणको जोखिम, विद्यार्थी संख्या तथा उपलव्ध भौतिक पुर्वाधार समेत हेरी व्यवस्थापनमा सहजताका लागि विद्यालयहरुले देहाय अनुसारका विकल्पहरु मध्ये उपयुक्त विकल्प प्रयोग गरी विद्यालय सञ्चालन गर्न गराउन हुनका साथै विद्यालयका विद्यालय व्यवस्थापन समितिले शिक्षक, विद्यालय कर्मचारी, विद्यार्थीहरु र अभिभावकहरुले अनिवार्य मास्क लगाउने, भौतिक दुरी मिलाई वस्ने, खाजा व्यवस्थापन गर्ने लगायतका विषयवस्तु समावेश गरी विद्यालय जाँदा विद्यालयमा रहँदा वा घर फर्कदा एवम घर पुगे पछि पालना गर्नु पर्ने आचारसहिँता उनिहरुको सहभागिता समेत गराई तयार गर्ने, यसरी तयार भएको आचारसहिँता सरोकारवाला सबैले अनिवार्य पालना गर्ने व्यवस्था मिलाउने र विद्यालयले तयार गरेको आचारसहिँता तथा छनौट गरेको उपयुक्त प्रयोग गर्ने विकल्प यस गाउँपलिकाको शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्न हुन निर्देशानुसार अनुरोध छ।

२०७७।८।११
रवि कुमार चौधरी
शिक्षा अधिकृत

विकल्पहरु:

१. सबै कक्षा र विद्यार्थीलाई एकै समयमा कक्षा सञ्चालन गर्ने।
२. अलग अलग समय (सिफट) मा अलग अलग कक्षा वा तह सञ्चालन गर्ने।
३. विद्यालय खुल्ने तथा कक्षा सञ्चालनको अवधि/ घण्टी छोट्याउने।
४. अवस्थाहेरी तल्ला कक्षालाई पहिले वा मथिल्लो कक्षाका विद्यार्थीलाई पहिले(जोखिम र सहजतालाई हेरी) कक्षा सुरु गर्ने।
५. कुनै दिन केही कक्षा र कुनै दिन वाँकी अरु कक्षा सञ्चालन हुने गरी पालैपालो कक्षा सञ्चालन गर्ने।
६. कक्षाका केही विद्यार्थी कुनै दिन वा सिफट र वाँकी विद्यार्थी अर्को दिन वा सिफटमा सञ्चालन हुने गरी पालैपालो कक्षा सञ्चालन गर्ने।
७. हप्तामा केही दिन, दिनमा केही घण्टा सञ्चालन गर्ने।

**वोधार्थ:**

**श्री सुचना तथा प्रविधि शाखा website मा upload गरिदिन हुन।**